# २०६२ वैशाख १४ गते नेपाल राष्ट्र बैंकको स्वर्णजयन्ती महोत्सवको उपलक्ष्यमा गभर्नर श्री विजयनाथ भट्टराईले दिनुभएको वक्तव्यको सारसंक्षेप

१. आज २०६२ वैशाख १४ गते नेपाल राष्ट्र बैंक आफ्नो स्थापनाकालको ४९ औं वर्ष पूरा गरी ५० औं वर्षमा प्रवेश गरेको छ । सर्वप्रथम यस बैंकको स्वर्णजयन्तीका अवसरमा म बैंकका समस्त कर्मचारी बर्ग र शुभेच्छुकहरुप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

२. बैंक स्थापनाको ५० वर्षे समयावधिमा नेपाली अर्थतन्त्रको संरचनामा उल्लेख्य परिवर्तन आएको छ । आर्थिक नीतिहरुमा समयसापेक्ष परिवर्तन गर्दै नेपाल आज उदार तथा खुला अर्थतन्त्रको रुपमा विकसित भइरहेको छ । यसै पृष्ठभूमिमा विगत एक वर्षभित्र बैंकले सम्पादन गरेका महत्वपूर्ण कार्यहरु तथा कार्यान्वयनमा ल्याएका नीतिगत व्यवस्थाहरुका सम्बन्धमा यस अवसरमा केही प्रकाश पार्न चाहन्छु । यस सन्दर्भमा विश्व अर्थतन्त्र र नेपालको समष्टिगत आर्थिक स्थितिको छोटो विश्लेषण प्रस्तुत गर्न चाहन्छु ।

**विश्व अर्थतन्त्र**

३. सन् २००४ मा विश्वको आर्थिक वृद्धिदर ५.१ प्रतिशत रहेकोमा सन् २००५ मा ४.३ प्रतिशत रहने अनुमान छ । विकासशील एसियाको आर्थिक वृद्धिदर सन् २००४ मा ८.२ प्रतिशत रहेकोमा सन् २००५ मा ७.४ प्रतिशत रहने अनुमान छ । सन् २००४ मा भारत र चीनको आर्थिक वृद्धिदर क्रमशः ७.३ प्रतिशत र ९.५ प्रतिशत रहेकोमा सन् २००५ मा भारतको ६.७ प्रतिशत र चीनको ८.५ प्रतिशत रहने अनुमान छ ।

४. विकसित मुलुकहरुमा सन् २००४ मा उपभोक्ता मूल्य वृद्धिदर दुई प्रतिशत रह्यो । भारत र चीनमा मूल्य वृद्धि क्रमशः ३.८ प्रतिशत र ३.९ प्रतिशत रह्यो ।

**नेपालको समग्र आर्थिक स्थिति**

५. आर्थिक वर्ष २०६०।६१ मा नेपालको कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर (उत्पादकको मूल्यमा) ३.५ प्रतिशत रह्यो भने क्षेत्रगत आधारमा कृषितर्फ ३.९ प्रतिशत र गैर-कृषितर्फ ३.१ प्रतिशत वृद्धिदर  रह्यो । आर्थिक वर्ष २०६१।६२ मा शान्ति सुरक्षाको स्थितिमा आएको क्रमिक सुधार तथा विश्व अर्थतन्त्रमा देखिएका सकारात्मक संकेतहरुका कारण सेवा क्षेत्रको वृद्धि दर सामान्य रही समग्र आर्थिक वृद्धिदर ३.६ प्रतिशत रहने अनुमान गरिएको छ । आर्थिक वर्ष २०६१।६२ मा कृषि क्षेत्रको उत्पादन ३.४ प्रतिशतले र गैर-कृषि क्षेत्रको उत्पादन ३.७ प्रतिशतले बढ्ने अनुमान छ ।

६. आर्थिक वर्ष २०६१।६२ को प्रथम आठ महिनासम्ममा अघिल्लो बर्षको तुलनामा विस्तृत मुद्रा प्रदायको वृद्धिदरमा कमी आएको छ । खुद वैदेशिक सम्पत्तिको विस्तारमा आएको कमीले गर्दा अघिल्लो वर्षको तुलनामा यस वर्ष विस्तृत मुद्रा प्रदायको वृद्धिदर केही कम रहन गएको हो ।

७. यस वर्ष मुद्रा प्रदायका दुई प्रत्यक्ष कारकहरुमध्ये संचित मुद्रा घटेको छ भने मुद्रा गुणकमा विस्तार आएको छ । अनिवार्य नगद अनुपातमा कटौती र वाणिज्य बैंकहरुको अधिक तरलता अनुपातमा आएको कमीले गर्दा मौद्रिक गुणाङ्कमा वृद्धि भएको हो ।

८. बिन्दुगत आधारमा आर्थिक वर्ष २०६१।६२ को प्रथम आठ महिनामा उपभोक्ता मूल्य सूचकाङ्कमा आधारित मुद्रास्फीति दर अघिल्लो वर्षको ४.४ प्रतिशतको तुलनामा ५.७ प्रतिशत रहेको छ । पेट्रोलियम पदार्थको मूल्य बढाइएको कारण विन्दुगत आधारमा मुद्रास्फीतिदर यस वर्ष उच्च रहन गएको हो । तर औसत मुद्रास्फीतिदर भने अघिल्लो बर्षको ५.१ प्रतिशतको तुलनामा यस वर्ष ३.७ प्रतिशतमात्र रहको छ ।

९. नगद प्रवाहमा आधारित तथ्याङ्क अनुसार चालू आर्थिक वर्षको प्रथम नौ महिनासम्ममा कुल सरकारी खर्चको वृद्धिदर अघिल्लो वर्षको तुलनामा न्यून र साधन परिचालनको वृद्धिदर अधिक रहेको छ । राजश्व परिचालनको वृद्धिदर अघिल्लो वर्षको तुलनामा केही कम रहेतापनि विदेशी अनुदान उल्लेख्य बढेकाले श्री ५ को सरकारको साधन परिचालन वृद्धिदर यस वर्ष उच्च रहन गएको हो ।

१०. कुल सरकारी खर्चको तुलनामा कुल साधनको वृद्धिदर उच्च रहेको कारण यस अवधिमा बजेट घाटा ५८.३ प्रतिशतले घटी रु. एक अर्ब ३५ करोडमा सीमित रहेको छ ।

११. चालू आर्थिक वर्षको प्रथम आठ महिनासम्ममा कुल निर्यात अघिल्लो वर्षको (६.९ प्रतिशत वृद्धिको) तुलनामा सामान्य (२.३ प्रतिशत) वृद्धि भएको छ । यस अवधिमा भारततर्फको निर्यात उल्लेख्य (२०.९ प्रतिशतले) वृद्धि भएको छ भने अन्य मुलुकतर्फको निर्यात उच्च दर (२२.४ प्रतिशत) ले घटेको छ । वनस्पति घ्यू, जुटका सामान, कपडा, रसायन, जुस, पोलिष्टर धागो, खोटो, खयर र दालको निर्यात बढेकोले भारततर्फको निर्यात उल्लेख्य बढेको हो । तयारी पोशाकको निर्यातमा उल्लेख्य गिरावट आएकोले तेस्रो मुलुकतर्फको निर्यात उच्च दरले घटेको हो ।

१२. निर्यातमा केही वृद्धि तर आयातमा ह्रास भएको कारण कुल व्यापार घाटामा यस वर्ष कमी आएको छ । फलस्वरुप निर्यात/आयात अनुपात गत वर्षको ४१.८ प्रतिशतबाट बढेर यस वर्ष ४५.३ प्रतिशत पुगेको छ ।

१३. शोधनान्तर बचत अघिल्लो वर्षको (रु. १० अर्ब ९६ करोड) भन्दा यस वर्ष कम (रु. ४ अर्ब ३६ करोड) रहेको छ । २०६१ फाल्गुण मसान्तसम्ममा बैंकिङ्ग क्षेत्रसँग रहेको कुल विदेशी विनिमय संचिति रु. एक खर्ब २९ अर्ब ९० करोड पुगेको छ । यो संचिति स्तरले १२.७ महिनाको वस्तु आयात र १०.७ महिनाको वस्तु तथा सेवाको आयात धान्न सक्छ ।

१४. २०६० चैत्र मसान्तको तुलनामा २०६१ चैत्र मसान्तमा नेप्से परिसूचक ९२.०४ विन्दुले वृद्धि भई २९३.२६ पुगेको छ ।

**मौद्रिक व्यवस्थापन**

१५. २०६१ श्रावण ४ गते आर्थिक वर्ष २०६१।६२ को मौद्रिक नीति सार्वजनिक गरिएको थियो । सो नीतिमा व्यवस्था भई आर्थिक वर्ष २०६१।६२ को प्रथम छ महिनासम्ममा कार्यान्वयन गरिएका मौद्रिक नीति, वित्तीय तथा बाह्य क्षेत्र सुधार र मौद्रिक स्थिति समेटिएको विवरण २०६१ फाल्गुण ४ गते सार्वजनिक जानकारीका लागि प्रकाशित भइसकेको छ ।

१६. मुलुकमा विद्यमान रुग्ण उद्योगहरुको स्थितिमा केही राहत पुऱ्याउने उद्देश्यले विगत चार वर्षदेखि सहुलियतपूर्ण रुग्ण उद्योग पुनरकर्जा व्यवस्था कार्यान्वयनमा ल्याइएको छ । आर्थिक वर्ष २०६१।६२ को मौद्रिक नीतिमा रु. एक अर्बको पुनरकर्जा व्यवस्था गरिएको छ । यस्तो पुनरकर्जाको व्याजदर साविकको दुई प्रतिशतबाट घटाएर १.५ प्रतिशतमा झारिएको थियो । यस आर्थिक बर्षको चैत्र मसान्तसम्ममा १३ वटा होटल तथा रिसोर्टलाई रु. ३३ करोड सात लाख ९२ हजार र, चारवटा ठूला तथा मझौला उद्योगलाई रु. चार करोड २३ लाख गरी जम्मा रु. ३७ करोड ३० लाख ९२ हजार पुनरकर्जा प्रदान गरिसकिएको छ ।

१७. आर्थिक वर्ष २०६१।६२ को बजेटमा रु. नौ अर्ब छ करोडको आन्तरिक ऋण उठाउने व्यवस्था भए अनुरुप मौद्रिक व्यवस्थापनलाई समेत दृष्टिगत गरी २०६१ चैत्र मसान्तसम्ममा रु. तीन अर्ब ८५ करोड ८१ लाख आन्तरिक ऋण उठाइएको छ ।

१८. खुला बजार कारोवारलाई मौद्रिक नीतिको एक प्रभावकारी उपायको रुपमा प्रयोग गर्न यस वर्षदेखि ट्रेजरी बिल्सको खरीद बोलकबोल, बिक्री बोलकबोल, रिपो बोलकबोल र रिभर्स बोलकबोलको शुरुवात गरी ती उपकरणहरु कार्यान्वयनमा ल्याइएका छन् ।

१९. आन्तरिक भुक्तानी व्यवस्थामा कुनै विघ्नबाधा नआओस् भन्ने उद्देश्यले आर्थिक वर्ष २०६१।६२ देखि यस बैंकबाट वाणिज्य बैंकहरुलाई एक दिनदेखि पाँच दिनसम्मको लागि स्थायी तरलता सुविधाको व्यवस्था गरिएको छ । यस सुविधा अन्तर्गत २०६१ चैत्र मसान्तसम्म वाणिज्य बैंकहरुलाई रु. ४४ अर्ब २० करोड तरलता सुविधा प्रदान गरिएको छ ।

२०. प्राथमिकता प्राप्त कर्जा कार्यक्रमलाई क्रमशः हटाउने नीति लिएको सन्दर्भमा ग्रामीण क्षेत्रमा कर्जाको अभाव नहोस् भन्ने उद्देश्यले नेपाल राष्ट्र बैंकले आफ्नो खुद मुनाफाको पाँच प्रतिशतले हुने रकम ग्रामीण स्वावलम्बन कोषमा दाखिला गर्ने नीति अनुरुप विगत तीन वर्ष यता रु. २५ करोड ३४ लाख सो कोषमा दाखिला गरिसकिएको छ । यो व्यवस्थाले ग्रामीण क्षेत्रमा कर्जा आपूर्ति बढाउने विश्वास लिइएको छ ।

**वित्तीय क्षेत्र सुधार**

२१. विश्व बैंक, बेलायत सरकारको अन्तर्राष्ट्रिय विकास विभाग र श्री ५ को सरकारको ऋण तथा अनुदान सहयोगमा हाल वित्तीय क्षेत्र सुधार कार्यक्रम संचालनमा रहेको छ । नेपाल राष्ट्र बैंकको सुदृढीकरण, नेपाल बैंक लिमिटेड र राष्ट्रिय वाणिज्य बैंकको पुनर्संरचना र वित्तीय क्षेत्रको सक्षमता अभिवृद्धि वित्तीय क्षेत्र सुधारको महत्वपूर्ण कार्यक्रमका रुपमा रहेका छन् ।

२२. नेपाल राष्ट्र बैंक सुदृढीकरण गर्ने क्रममा संगठनात्मक सुधारको साथै बैंकको कामकारवाहीलाई चुस्त र छरितो बनाउने उद्देश्यले विगतमा स्वैच्छिक अवकास योजना लागू गरिएको र यस वर्ष पनि दोस्रो चरणको स्वेच्छिक अवकाश योजना ल्याई १०२ जना थप कर्मचारीलाई स-सम्मान अवकाश प्रदान गरिएको छ ।

२३. हाल बैंकमा १,६६८ कर्मचारीहरु कार्यरत रहेका छन् । यसमा ४२५ जना अधिकृत तथा १,२४३ जना सहायक स्तरका कर्मचारीहरु रहेको हुँदा अधिकृत/सहायक स्तरको अनुपात १:२.९ कायम हुन आएको छ ।

२४. वित्तीय क्षेत्र सुधार कार्यक्रम अन्तर्गत नेपाल बैंक लिमिटेड र राष्ट्रिय वाणिज्य बैंकको संचालन विदेशी व्यवस्थापन समूहहरुलाई शुरुमा दुई वर्षको लागि दिइएकोमा सो करार अवधि समाप्त भएकोले दुबै बैंकको व्यवस्थापन समूहको करार अवधि एक वर्षको लागि थप गरिएको छ ।

**बाह्य क्षेत्र सुधार**

२५. विदेशी विनिमय सुधार र पूँजी खाता क्रमश खुला गर्दै लैजाने क्रममा मागकर्ता व्यक्ति तथा संघ, संस्थाहरुलाई विभिन्न प्रयोजनको लागि अमेरिकी डलर १,०००।– सम्मको सटही सुविधा वाणिज्य बैंकहरुले सोझै प्रदान गर्न सक्ने व्यवस्था गरिएको छ ।

२६. निर्यातकर्ताको लागि लागू गरिएको Cash Against Documents (CAD) लाई अझ सरलीकरण गर्न एक पटकमा मालसामान निर्यात गर्न आवश्यक रकमको सीमालाई ५० हजार अमेरिकी डलरबाट बढाएर एकलाख डलर पु¥याइएको छ । त्यसैगरी निर्यात गर्न आवश्यक बैंक ग्यारेण्टी राख्नुपर्ने रकमलाई निकासी मूल्यको १० प्रतिशतबाट घटाएर पाँच प्रतिशतमा झारिएको छ ।

२७. वाणिज्य बैंकहरुले चाहेमा भारतीय रुपैयाँको अन्तर बैंक कर्जा सापटी कारोबार गर्न सक्ने व्यवस्था गरिएको छ ।

२८. वाणिज्य बैंकहरुले यस बैंकको बैंकिङ्ग कार्यालयमा अमेरिकी डलर मात्रको खाता राख्न पाउने व्यवस्था रहेकोमा "Inter Bank Foreign Currency Clearing Purpose" को लागि मात्र प्रयोग गर्न मिल्ने शर्तमा वाणिज्य बैंकहरुले चाहेमा Euro र GBP को खाता खोल्न सक्ने व्यवस्था गरिएको छ ।

२९. रेमिट्यान्स कारोबार गर्न इजाजत प्राप्त निकायहरुलाई प्रचलित व्यवस्था अन्तर्गत रही परिवर्त्य विदेशी मुद्राको खाता खोल्न दिने नीतिगत व्यवस्था गरिएको छ ।

३०. परिवर्त्य विदेशी मुद्रा भुक्तानी हुनेगरी भारतबाट आयात गर्न पाइने वस्तुहरुको संख्या यस अगाडि ३९ वटा कायम रहेकोमा यस वर्ष २७ वटा वस्तुहरु थप गरी ६६ पु¥याइएको छ ।

३१. नेपाल र जनवादी गणतन्त्र चीनको बीचमा चिनिया मुद्रा युआनलाई सीमित परिवर्त्यता प्रदान गर्ने सम्बन्धमा दुई वर्षअघि सम्पन्न सम्झौताबाट दुबै मुलुकलाई फाईदा नै भएको हुँदा सो सम्झौता थप दुई वर्षको लागि नवीकरण गरिएको छ ।

**नियमन, निरीक्षण तथा सुपरिवेक्षण**

३२. वाणिज्य बैंकले काठमाडौं उपत्यकामा कार्यालय खोल्ने विद्यमान नीतिगत व्यवस्थामा सामान्य परिमार्जन गरिएको छ । काठमाडौं उपत्यका बाहेक अधिराज्यका सबै ठाउँमा कार्यक्षेत्र रहनेगरी स्थापना भइसकेका बाणिज्य बैंकले काठमाडौं उपत्यकामा शाखा सञ्चालन गर्न कम्तीमा तीन बर्षको कार्य सञ्चालन गरेको हुनुपर्ने शर्त तोकिएको छ ।

३३. विगतमा प्रत्येक बाणिज्य बैंकको दुई वर्षमा कम्तीमा एकपटक समष्टिगत निरीक्षण गरिंदै आएकोमा आर्थिक वर्ष २०६१।६२ देखि प्रत्येक वर्ष सवै वाणिज्य बैंकहरुको समष्टिगत निरीक्षण गर्ने लक्ष्य राखिएको छ । यस क्रममा, २०६१ चैत्र मसान्तसम्म १२ वटा वाणिज्य बैंकहरु (नेपाल बैंक लिमिटेड, राष्ट्रिय बाणिज्य बैंक, नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेड, स्ट्याण्डर्ड चार्टर्ड बैंक लिमिटेड, हिमालयन बैंक लिमिटेड, एभरेष्ट बैंक लिमिटेड, बैंक अफ काठमाण्डु

लिमिटेड, लुम्विनी बैंक लिमिटेड, माछापुच्छ्रे बैंक लिमिटेड, कुमारी बैंक लिमिटेड, लक्ष्मी बैंक लिमिटेड र सिद्धार्थ बैंक लिमिटेड) को समष्टिगत निरीक्षण सम्पन्न भई प्रारम्भिक निरीक्षण प्रतिवेदन सम्बन्धित बैंकलाई पठाइसकिएको छ । चालू आर्थिक वर्षमा नेपाल बंगलादेश बैंक लिमिटेड तथा नेपाल क्रेडिट एण्ड कमर्श बैंक लिमिटेडको विशेष निरीक्षण सम्पन्न गरिएको छ ।

३४. स्थलगत निरीक्षणतर्फ विगत एक वर्षको अवधिमा २५ वटा वित्त कम्पनी, १३ वटा विकास बैंक, छ वटा सहकारी संस्था र ११ वटा गैरसरकारी संस्थाहरूको स्थलगत निरीक्षण सम्पन्न गरी सोबाट देखिएका कैफियतहरूका सम्बन्धमा आवश्यक निर्देशनहरू दिइएको छ ।

३५. बैंकको लेखा प्रणाली अन्तर्राष्ट्रिय लेखा मापदण्ड अनुरुप विकास गर्ने उद्देश्यले बैंकको हर हिसाबको लेखाङ्कन विधि लगायत वित्तीय विवरणमा समेत क्रमशः सुधार गर्ने तर्फ बैंक प्रयत्नशील रहेको छ । यस सन्दर्भमा वित्तीय विवरणको ढाँचामा पनि अन्तर्राष्ट्रिय मान्यता अनुरुप सम-सामयिक परिमार्जन गरिएको छ । अन्तर्राष्ट्रिय लेखा मापदण्डलाई आधार मानी आर्थिक बर्ष २०५९।६० को वासलात, नाफा नोक्सान हिसाब लगायत वार्षिक लेखा विवरणहरुको विशेष लेखापरीक्षण गरिएकोमा आर्थिक बर्ष २०६०।६१ मा समेत अन्तर्राष्ट्रिय लेखा परीक्षकबाट बार्षिक हिसाब र वित्तीय विवरणहरुको विशेष लेखापरीक्षण कार्य सम्पन्न भएको छ ।

३६. आवधिक रुपमा पारिवारिक बजेट सर्वेक्षण गरी उपभोक्ता मूल्य सूचकाङ्कलाई अद्यावधिक गर्ने अन्तर्राष्ट्रिय प्रचलन अनुसार उपभोक्ता मूल्य सूचकाङ्कको दायरा फराकिलो पार्न र यसमा समसामयिक सुधार गर्ने उद्देश्यले चौथो पारिवारिक बजेट सर्वेक्षण सम्बन्धी कार्यहरु अगाडि बढाइएको छ ।

## उपसंहार

३७. आज यो स्वर्ण जयन्तिको अवसरमा नेपाल राष्ट्र बैंक विगतमाझैं आगामी दिनहरुमा पनि प्रभावकारी मौद्रिक, विदेशी विनिमय एवम् वित्तीय क्षेत्रका नीतिहरुको माध्यमबाट समष्टिगत आर्थिक स्थिरता कायम गर्ने आफ्नो दायित्व पूरा गर्न अझ सशक्त एवम् जिम्मेवार रुपमा लागिरहने छ भन्ने प्रतिवद्धता व्यक्त गर्न चाहन्छु ।

३८. यस स्वर्ण जयन्तीको अवसरमा बैंकको ५० वर्ष लामो यात्राका सम्पूर्ण शुभेच्छुक, सहयोगी एवम् सहयात्रीहरुप्रति पुनः धन्यवाद ज्ञापन गर्दै आगामी दिनहरुमा पनि यहाँहरुको सहयोग र शुभेच्छा निरन्तर रुपमा प्राप्त हुन सकोस् भन्ने कामनाका साथ आफ्नो मन्तव्य यहीं टुङ्ग्याउने अनुमति चाहन्छु ।

धन्यवाद !